Snooker रिपेरिङ
❖स्नुकर एण्ड पुल बेच्नु वा किन्नु परेमा ।
❖स्नुकर एण्ड पुल रिपेरिङ्ग तथा बनाउनु परेमा ।
❖स्नुकर पुलको कुनैपनि सामान चाहिएमा ।
❖सस्तो तथा होलसेलमा दिनुका साथै सस्तो मूल्यमा फिटिङ्ग गरिन्छ ।
१.ओर्जिनल-कार्पेट क्यू चक टिप-वल-पकेट सम्पूर्ण । २.चाइनिज-कार्पेट क्यू चक टिप-वल-पकेट सम्पूर्ण । ३.इण्डियन स्नुकर-पुल नाइन बल टेबुल । ४.नेपाली स्नुकर-पुल नाइन बल टेबुल ।
सम्पर्क : हरि थापा
९८१३६०२३१५, ९८४१३९१७९४

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
○वर्ष ५ ○अंक १७९ ○श्रेणी 'क' ○२०७० चैत १२ गते बुधबार ○ 26 March. 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

लैङ्गिक हिंसा हटाऔं,
मानव बेचविखन अन्त्य गरौं ।
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

संविधान र स्थानीय निकायको चुनाव शीघ–उपप्रम

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

नेपाली कांग्रेसका महामन्त्री एवं नपाल सरकारका उपप्रधानमन्त्री प्रकाशमान सिंहले एकवर्षभित्रमा लिखित लोकतान्त्रिक संविधान जारी गर्ने र स्थानीय निकायको निर्वाचन गर्न नेपाली कांग्रेस र वर्तमान सरकार प्रतिवद्ध रहेको बताएका छन् । नेपाली कांग्रेस कास्कीको कार्यालयमा मंगलबार आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै महामन्त्री सिंहले भने-'अहिले आवश्यक प्रक्रिया पुरा गरेर एक वर्षमा लोकतान्त्रिक संविधान जारी गर्ने र संविधान जारी गर्न कुनै अवरोध नआउने गरी स्थानीय निकायको निर्वाचन गर्नुपर्ने आवश्यकता छ र त्यसका लागि हामी प्रतिवद्ध छौं ।'

स्थानीय विकास एवं संघीय मामिला मन्त्री समेत रहेका कांग्रेस महामन्त्री सिंहले दोस्रो संविधानसभाको निर्वाचनमा मुख्य राजनीतिक दलहरूले सरकार गठन भएका एकवर्षभित्र संविधान जारी गर्ने र ६ महिनाभित्र स्थानीय निकायको निर्वाचन गर्ने प्रतिवद्धता जाहेर गरेकोले पनि संविधान निर्माण कार्यमा आवरोध नपुग्ने गरी चुनाव गराउन आवश्यक रहेको स्पष्ट पारे । संविधानसभाका सदस्य र पार्टीका केन्द्रीयस्तरका नेताहरू संविधान लेखनमा लाग्ने भएपनि स्थानीय नेताहरूको संक्रियतामा स्थानीय निकायको चुनाव हुने भएकोले संविधान निर्माणमा बाध नपुग्ने उनको विश्वास छ । अहिले संविधान निर्माणलाई पूर्णता दिन संघीयताको विषयमा समेत टुङ्गो लाग्नुपर्नेमा जोड दिंदै मन्त्री सिंहले स्थानीय निकायमा जनप्रतिनिधि आएपछि गाविस र जिविसको सीमा र प्रान्तहरूको निर्माणका विषयमा समेत निर्णय लिन सजिलो हुने दावी पारे । कांग्रेस महामन्त्री सिंहले आफ्ना पार्टीका कार्यकर्ताहरूलाई स्थानीय स्तरमा सक्रिय र संगठित हुन निर्देशन दिदै उनले पार्टीका सभापति एवं प्रधानमन्त्री सुशील कोइरालाले पनि सुशासन र विकासमा ध्यान दिन सरकारका मन्त्रीहरूलाई निर्देशन दिएकोले सोही अनुसार काम भैरहेको बताए । सरकारको काम प्रभावकारी हुन नसकेको गुनासो आइरहेको कुराप्रति चर्चा गर्दै सिंहले वर्तमान सरकार संयुक्त सरकार भएको कारण सबै दलसंग मिलेर अघि बढ्दा त्यस्तो अवस्था देखिएको बताए । उनले एकवर्षभित्र लोकतान्त्रिक संविधान जारी गर्नुपर्ने भएकोले पनि सबै दलसंग सहमति र सहकार्यको प्रयास गरेर सरकारले आशा अनुरुपको काम गर्न नसकेको स्वीकार गरे । यसैसन्दर्भमा उप्र प्रधानमन्त्री सिंहले संविधानसभामा २६ जनाको मनोनय र अन्य नियुक्तिको टुङ्गो छिट्टै लगाइने र जनताले देख्नेगरी रिजल्ट आउने स्पष्ट पारे । मन्त्री सिंहले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्नुपर्ने बाध्यता आइपरेको भन्दै कार्यकर्तासंग गुनासो गरे । यसअघिको गैह्रराजनीतिक सरकारले मूल्य वृद्धिको निर्णय निर्वाचित सरकारले गर्छ भनेर छोडेको र अन्तर्राष्ट्रिय स्तरमा पेट्रोलियमको मूल्य बढेकोमात्र नभई सरकारले आयल निगमलाई अनुदान दिंदा मुलुकको विकास निर्माणका बजेट समेत कटौति हुने अवस्था आएकोले पनि मूल्य वृद्धि भएको उनको भनाई थियो ।

हर्पनखोलामा पक्की पुलको उद्घाटन

उप्रधान एवं संघीय मामिला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहले कास्कीको चापाकोट र भदौरे तामाङ्गी गाविस जोड्ने हर्पन खोलाको मोटरेवल पुलको उद्घाटन गरे । त्यस अवसरमा बोल्दै उनले सबै राजनीतिक दलहरु मिलेर राजनीतिक क्रान्ति सफल भएको भन्दै अब विकास र आर्थिक क्रान्तिका लागि पनि सबै दलहरु मिल्नुपर्नेमा जोड दिए । सुशासन, विकास, संविधान र स्थानीय निकायको निर्वाचनलाई सरकारले प्राथमिकतामा राखेको उनले बताए । मन्त्री सिंहले उद्घाटन गरेको पुलबाट भदौरे तामाङगी गाविस, धार्मिक पर्यटकीय क्षेत्र पञ्चासे, स्याङजा र पर्वत जिल्लाका बासिन्दाहरु लाभान्वित हुने छन् भने त्यसक्षेत्रमा यातायात सेवाको पहुँच पुग्ने बताइन्छ । स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग अन्तर्गत रहेको स्थानीय यातायात पूर्वाधार क्षेत्रगत कार्यक्रमको ७० र जिल्ला विकास समिति कास्कीको ३० प्रतिशत लगानीमा पुल निर्माण गरिएको हो । करि डेढ वर्षको समय लगाएर थिगिम कन्स्ट्रक्सन कम्पनीले सो पुल निर्माण गरेको हो । २४ मिटर लामो पुल निर्माणका लागि १ करोड ३ लाख ४ हजार ६ सय १३ रुपैयाँ खर्च भएको प्रमुख जिल्ला इञ्जिनियर नारायणप्रसाद श्रेष्ठले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । त्यस अवसरमा बोल्दै संसिवधानसभाका सदस्य यज्ञबहादुर थापाले मुखलेमात्रै नभएर व्यवहारिक रुपमा नै विकासका लागि समर्पित हुनुपर्ने समय आएको स्पष्ट पारे । अर्का संविधानसभा सदस्यय सीता गिरी ओलीले राजनीतिक दलहरुले जनताको चाहाना अनुसार नै स्थानीय विकास र संविधान निर्माणको काम अघि बढाउनुपर्नेमा जोड दिइन । संघीय समाजवादीका नेता एवं संविधानसभाका सदस्य दिलबहादुर नेपालीले विकासका लागि सबैपक्ष सहकार्य गर्नुपर्नेमा जोड दिए । यस्तै नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं सभासद् जीवन परियारले संविधानसँगै विकास निर्माण पनि जनताको चासो र आवश्यकता भएको बताए । नेपाली कांग्रेसका नेता एवं पूर्व राज्यमन्त्री महादेव गुरुङले पोखराबाट नजिक रहेपनि विकास हुन नसकेकोभन्दै त्यसक्षेत्रको विकासका लागि सरकारले सहयोग गर्नुपर्ने आवश्यकता औल्याए । कार्यक्रममा स्थानीय स्तरका पूर्व जनप्रतिनिधिहरू मध्येबाट चापाकोट गाविसका पूर्व अध्यक्ष एवं नेपाल किसान संघ कास्की सभापति भेषराज पराजुलीलाई संवोधन गर्न दिने कार्यतालिका बनाईएको भएपनि उनलाई बोल्न नदिएपछि पराजुलीले स्थानीय विकास अधिकारी ईश्वरराज पौडेल र स्थानीय विकास मन्त्री प्रकाशमान सिंह लगायत सभासदहरूसंग पनि असन्तुष्टि प्रकट गरेका थिए । कास्की जिविसको तर्फबाट आयोजित कार्यक्रममा पराजुलीको सट्टा एनेकपा माओवादीका स्थानीय नेता भूमि पराजुलीलाई बोल्न दिइएको थियो । त्यस अवसरमा घाँटीछिना, सिदाने, पञ्चासे बाटोका अध्यक्ष एवं समाजसेवी भक्तबहादुर गुरुङले पनि बोलेका थिए । त्यसअवसरमा पुल निर्माणमा सहयोग पुऱ्याएकोभन्दै समाजसेवी भक्तबहादुर गुरुङलाई सम्मान गरिएको थियो । उपप्रधानमन्त्री प्रकाशमान सिंहले उनलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए । कास्कीका स्थानीय विकास अधिकारी ईश्वरराज पौडेलको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन योजना अधिकृत निशानराज गौतमले गरेका थिए ।

महामन्त्रीका अगाडि गुरुङ आक्रोशित

नेपाली कांग्रेस कास्कीका युवा नेता सिकन्दर कुमार तमु (भोजबहादुर) ले कास्कीमा नेपाली कांग्रेसको संगठन अत्यन्त कमजोर बन्दै गएकोले जिल्ला समिति नै विघटन गर्नुपर्ने अवस्था आएको बताएका छन् । कास्की कांग्रेसको कार्यालयमा पार्टीका महामन्त्री एवं सरकारका उपप्रधानमन्त्री प्रकाश मान सिंह स्थानीय निकायको निर्वाचनका लागि तयार रहन कार्यकर्तालाई निर्देशन दिएपछि कांग्रेस नेता गुरुङले कास्कीमा कांग्रेस कमजोर बन्दै गएको बताएका हुन् । पार्टीका महामन्त्री समक्ष कार्यकर्ताहरूलाई आफ्नो कुरा समेत राख्न नदिएपछि असन्तुष्टि व्यक्तः गर्दै नेता गुरुङले पार्टीको महामन्त्री आउँदा अत्यन्त न्यून कार्यकर्ताको उपस्थिति हुनु र कार्यकर्ताले आफ्नो भनाई राख्न नपाउनु दर्भाग्यपूर्ण रहेको गुनासो गरेको भेलामा सहभागी कास्की कांग्रेसका एक पदाधिकारीले गोल्डेन न्यूज दैनिकसंग भने । उनले यस्तै अवस्थामा स्थानीय निकायको चुनावमा जाने हो भने कास्की कांग्रेसले लज्जाजनक नतिजा भोग्नु पर्ने भन्दै संगठनलाई चुस्तदुरुस्त बनाउन र कार्यकर्तालाई सक्रिय तुल्याउन जिल्ला कार्यसमिति नै विघटन गर्नुपर्ने दावी गरे । भेलामा स्वतस्फूर्त रुपमा आफ्नो भनाई राखेका गुरुङले छोटो समयमा मुलुक र जिल्लाको समसामयिक कुरा व्यक्त गरेको भन्दै अन्य कार्यकर्ताले खुशी प्रकट गरेका थिए तर पार्टीका जिल्ला सभापति एवं सभासद यज्ञबहादुर थापाले भने कुनै प्रतिक्रिया दिएनन् ।

मुक्तिनाथ जाने पर्यटक बसमा अवरोध कायमै

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

पश्चिमाञ्चल होटल संघ पोखराका अध्यक्ष हरि शर्मा गैह्रेले नेपाली अर्थतन्त्रको एक प्रमुख आयामको रुपमा रहेको नेपाली पर्यटन उद्योग विभिन्न समस्या र कठिनाईबाट गुज्रिरहेको बताएका छन् । मंगलबार एक विज्ञप्ति जारी गर्दै अध्यक्ष गैह्रेले विगतको दशवर्षे राजनीतिक द्वन्द्वपछि यसले केही राहतको महसुस भने गर्न पाएको भएपनि विभिन्न समस्या र कठिनाइका कारण नेपाली पर्यटन उद्योगले विकासको रफ्तार समात्न नसकेकोमा दुःख व्यक्त गरेका छन् । 'पर्यटनका लागि अति आवश्यकीय पक्षमध्ये यातायातको सहज पहुँच प्रमुख पर्छ । सबै संभावना र पूर्वाधार भएर पनि सहज यातायात भएन भने पर्यटनले गति लिन सक्दैन' उनले विज्ञप्तिमार्फत भने- 'दुर्भाग्य भन्नुपर्छ नेपाली पर्यटन उद्योगले भोगेको अहिलेको एउटा प्रमुख समस्या असहज पहुँच अर्थात यातायातमा समस्या नै हो ।'

सर्वोच्च अदालतले सबै प्रकारका सिण्डिकेट अर्थात आलोपालो प्रणाली खारेज गर्न गरेको फैसला विपरित सिंगो नेपाल र पश्चिमाञ्चल क्षेत्र सिण्डिकेटको मारमा परेको भन्दै गैह्रेले यस्तो सिण्डिकेट यातायात क्षेत्रमा जवर्जस्त रुपमा रहेको यथार्थ कतैबाट नछिपेको स्पष्ट पारे । यातायात र पर्यटन ऐनमा रहेको द्विविधाको फाइदा एउटा पक्षले उठाउँदा त्यसको मार पर्यटन क्षेत्र र खासगरी पर्यटकले भोग्नु परेको उनले स्पष्ट पारे ।

'म्याग्दी र मुस्ताङका यातायात व्यवसायीले केही दिनअघि पर्यटन सवारी र पर्यटक माथि अनैतिक रवैया देखाएका छन् । मुक्तिनाथ दर्शनका लागि गएका पर्यटक र भारतीयलाई हरियो प्लेटका पर्यटन सवारीबाट ओरालेर कालो प्लेट अर्थात आफूहरुद्वारा संचालित सवारीमा यात्रा गर्न दवाव दिनु नै गलत हो र यसमा सम्बन्धित निकाय ग्मिवार बन्नुपर्छ ।' अध्यक्ष गैह्रेले विज्ञप्तिमा उल्लेख गरेका छन्

मुस्ताङलाई हरियो प्लेट

बाँकी अन्तिम पृष्ठमा......

We Re-Come back with Promt Services for our clints
* Indian Railway * E-Tickets
* Air E-Tickets (Dom', int'l)
* Tourist Bus E-Tickets
* India Package & Hotel Booking
(हामी बाराही मार्ग होटल फोर सिजन अगाडि सरेका छौं ।)
Contact: World Touch Tours & Travels Pvt. Ltd.
P.o. box: 506, Lakeside, Pokhara Nepal
Tel.: 061-463844, 463144
Fax : +977-61-466166, Email: sales@worldtouchtravels.com

युथफोर्सका नेता छुटाउन प्रहरीलाई धम्की

पोखरा,११ चैत ।(गोल्डेन)

बुधवार सिल्दजुरेको चासुस्थित प्रहरी पोष्टका प्रहरी नायव निरीक्षक ओमप्रसाद पौडेल तथा सर्वसाधारणहरु गंगाबहादुर राना, कृष्ण गुरुङ्ग र दलबहादुर गुरुङ्गमाथि कुटपिट गर्ने युथफोर्सका सचिव दर्शन लामालाई छुटाउन दवाव दिन एमाले नेताहरु दिनहुँ कास्की प्रहरीमा धाउन थालेको छ । सर्वसाधारणलाई कुटपिट गर्ने क्रममा घटनास्थल पुगेका नायब निरीक्षक पौडेललाई समेत लामा नेतृत्वको टोलीले खुकुरी, रड प्रहार गरी घाइते बनाएका थिए । लामालाई प्रहरीले सार्वजनिक अपराधअन्तर्गत मुद्दा चलाएको छ । लामासँगै युथफोर्सका अर्का कार्यकर्ता पसबहादुर बाँस्तोलालाई समेत पक्राउ गरी प्रहरीले हिरासतमा राखेर मुद्दा प्रक्रिया अघि बढाएको छ ।


ADMISSION NOTICE
EVENING MBA
MASTER OF BUSINESS ADMINISTRATION
Dynamic | Relevant | Realistic
CLASSES : 5:30 PM-8:30 PM
Entrance : 15 Chaitra
Eligibility : 3 Years Bachelor in any discipline with min 45% or CGPA 2.0
NOVEL ACADEMY
Excellence in Education
Graduate School of Management
Url: www.novel.edu.np,E-mail: info@novel.edu.np
New Road, Pokhara
Kaski, Nepal
Tel:061-535629

नेपालकै वरिष्ठ सुगर तथा थाइरोड विशेषज्ञ काडमाण्डौबाट पोखरामा
के तपाई लामो समयदेखि सुगर तथा थाईरोड रोगबाट पीडित हुनुहुन्छ ? वा नियमित औषधि खाइराख्नु भएको छ, र औषधि खाए पनि तपाईको रोग कन्ट्रोल भएको छैन र कतै आषधि नखाए पनि रोग कन्ट्रोल हुनेमा औषधि त खाइराख्नु भएको त छैन ? र सही उपचार नपाएर छटपटाई त रहनुभएको छैन ? सहि उपचार गराई रोगको पूर्ण रुपमा कन्ट्रोल गराउन जुन सुगर तथा थाईरोड रोग लाग्यो त्यही रोग सम्बन्धी विशेषज्ञलाई उपचार गराई पूर्णरुपमा उपचार गर्न हिमाल हस्पिटल र मेट्रो क्लिनिक थापाथली काठमाडौंमा कार्यरत **डा. मधु पाण्डे** पोखरामा आउँदै हुनुहुन्छ । स्वाथ्य लाभ लिनुहोला ।
बिरामी जाँचः २०७० चैत १५ गते शनिबार
बिहान ९ बजेदेखि दिउसो २:00 बजेसम्म
सम्पर्क :
परिचित मेडिकल हल
पालिखेचोक, पोखरा फोन नं.: ९८४६०४१४९४

Study in
EUROPE
Czech Republic, Denmark, Italy, Lithuania
- Minium S.L.C. / Only Rs 3.5 Lakh for Denmark.
- Min. +2 for Others.
- Schengen Visa
IELTS/TOEFL
CAE class for Options of IELTS
JAPANESE LANGUAGE
U.S.A , AUSTRALIA, NEWZEALAND, JAPAN, MEXICO
PLATFORM
INT'L EDUCATION
Prithivichowk, Pokhara, (Pokhara Branch)
Ph: = 061 = 541104

सूचना ! सूचना !! सूचना !!!
विक्रम विश्वविद्यालय भारत मध्यप्रदेश उज्जैनबाट सेमेष्टर सिस्टममा परीक्षा दिई ज्योतिष एम.ए.को डिग्री प्राप्त हुनेगरी वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय नेपालमा एम.ए.प्रथम वर्ष शैक्षिकसत्र वि.सं. २०७१ को भर्ना खुल्यो !
प्रवेश योग्यता : कुनैपनि विषयमा न्यूनतम् स्नातक द्वितीय श्रेणीमा उत्तीर्ण ।
भर्नाको अन्तिम मिति : वि.सं.२०७०/१२/३० गते
कक्षा प्रारम्भ हुने मिति : २०७१/१/१ गतेदेखि
संस्थापक अध्यक्ष/संयोजक
प्राध्यापक डा.बलराम उपाध्याय रेग्मी
एम.ए.अंग्रेजी, बी.एल.,बी.एड.(मेरठ वि.वि.,त्रि.वि.वि.,
एम.ए.एम.फिल.,पी.एच.डी.(ज्योतिष),कलकत्ता
संलग्नता : वैदिक ज्योतिष विज्ञान विश्वविद्यालय, नेपाल
विभाग-१ : अंग्रेजी, कानून, पत्रकारिता, ज्योतिष
विभाग-२ : अनुसन्धान विभाग (भिजिटिङ्ग)
सह-प्राध्यापक डा. माधवप्रसाद पाण्डेय
(व्याकरणाचार्य, ज्योतिषाचार्य, पी.एच.डी.) ने.सं.वि.वि.
विभाग-३ : फलित ज्योतिष विभाग अध्यक्ष
उप-प्राध्यापक सन्तोष रेग्मी
(साहित्यशास्त्री/ज्योतिष एम.ए.) विक्रम विश्वविद्यालय, भारत
उप-प्राध्यापक खेमराज पौडेल
(साहित्यशास्त्री/ज्योतिष एम.ए.) विक्रम विश्वविद्यालय, भारत
उप-प्राध्यापक महेश्वर शर्मा पौडेल
(साहित्यशास्त्री/बी.एड.ज्योतिषाचार्य)
उप-प्राध्यापक केदारनाथ पौडेल
(साहित्यशास्त्री/बी.एड.ज्योतिषाचार्य)
विभाग-४ : प्रोफेशनल ज्योतिष डिप्लोमा विभाग अध्यक्ष
ज्यो. सीता रेग्मी
ज्योतिष डिप्लोमा/अन्तर्राष्ट्रिय स्वर्ण पदक विजेता
वरिष्ठ ज्योतिष प्रशिक्षक
पोखरा ज्योतिष महाविद्यालय(केन्द्रीय विद्यापीठ, नेपाल)
मो.९८४६२१८८१५
विश्वविद्यालय सूचना अधिकृत :
१. प्रदीप रेग्मी (ज्योतिष डिप्लोमा, साहित्यशास्त्री) सं.वि.वि.
२. मधु रेग्मी ज्योतिष (डिप्लोमा, व्याकरणशास्त्री) सं.वि.वि.
विभाग-५ : पत्रकारिता/प्रकाशन विभाग
ज्योतिष भविष्यवाणी(साप्ताहिक)/ज्योतिष जागरण (मासिक)विश्वविद्यालय बुलेटिन (मुखपत्रिका)
केन्द्रीय कार्यालय, फोन/फ्याक्स : ९७७-६१-५४०३४७
मो.९८५६०२०९१४, ९८५६०३०९१४, ९७२६१५३६८४

■ कमाएर दाम जो भन्छ आफ्नै खाल्डो ऊ खन्छ ।

- *बालकृष्ण सम*

सम्पादकीय . .

ट्याक्सी सम्बन्धी निर्णय कागजमामात्र

पोखरामा रहेका ट्याक्सीलाई सेवाग्राहीको हितमा चल्ने बनाउन गण्डकी अञ्चल यातायात व्यवस्थापन समितिले गरेको निर्णयको कार्यान्वयन अझै हुन सकिरहेको छैन । ट्याक्सी चालकले मिटर नराखी ट्याक्सी चलाउने यात्रुबाट मनपरी ढङ्गले भाडा अशुल गर्नेमात्र नभई आफ्नो प्रतिकुल कुरा गर्नेहरूलाई उल्टै धम्की दिने जस्ता गुनासा बेला बखत सुनिने गरेका छन् । सायद यस्तै गुनासोलाई मध्यनजर गरी कास्कीका तत्कालीन प्रजिअ यादव कोइराला नेतृत्वको यातायात व्यवस्था समितिले ट्याक्सीको नियमन गर्न महत्वपूर्ण निर्णय गरेको थियो । सामान्य निहुँमा ट्याक्सी चालकलाई ट्राफिक प्रहरीले सामान्य कार्वाही गर्दा पनि आन्दोलनको धम्की दिनेसम्मका कुराहरू विगतमा हुने गरेको घटनालाई स्मरण गर्ने हो भने गतवर्ष पनि सरकारी एवम् अन्य संस्थाका प्रतिनिधिहरू सम्मिलित बैठकले गरेको निर्णको प्रभावकारी कार्यान्वयन हुन सकेन । जसका बारेमा आम सर्वसाधारणले शंका व्यक्त गरिरहेका थिए । तर ट्याक्सी व्यवसायी समितिका अध्यक्षको समेत उपस्थितिमा ट्याक्सीमा तत्काल मिटर राख्ने, मिटर जडान गरिएका ट्याक्सीमा भाडादर समायोजन गर्ने र छुट्टा-छुट्टै रङ्गको स्टिकर टाँस्नु पर्ने बाध्यात्मक निर्णय गरिएपछि यो निर्णयको उलंघन ट्याक्सी व्यवसायीले नगर्लान् भन्ने आशा पनि धेरैको थियो । हुनत छोटो-छोटो समयमा पेट्रोलियम पदार्थको मूल्य क्रमश: बढ्दै जाँदा ट्याक्सीमा समायोजन गरिएको भाडादर कम हुँदै जान्छ । त्यसपछि मिटरमा यात्रु चढाउन ट्याक्सी चालकहरू मान्दैनन् । यस्तो अवस्थामा सरकारले पनि निश्चित् समयसम्म पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्न नदिने र ट्याक्सीको मिटरमा भाडादर समायोजन गर्न अनिवार्य गर्ने स्थिति निर्माण गर्ने हो भने आम सर्वसाधारणले ट्याक्सी चढ्दा भाडादरमा ठगिएको महशुस गर्नुपर्ने थिएन । पोखरा क्षेत्रमामात्र नभई गण्डकी अञ्चलका नाममा दर्ता भएका करिब चार हजार ट्याक्सीले दिने सेवा प्रभावकारी हुन सकेमा आम सर्वसाधारणलाई पनि राहत पुग्ने थियो । ट्याक्सी भाडा अन्य सार्वजनिक यातायातका भन्दा महंगो भएपनि पोखरा क्षेत्रका स्थानीय एवम् पोखरा बाहिरबाट आउनेहरूले यात्रुले आँफू ठगिनु नपरेको अनुभूति गर्न सके त्यो नै सबैका लागि हितकर हुनेछ । तसर्थ यातायात व्यवस्था समितिले गरेको निर्णय कागजमा मात्र सीमित रहने र ट्याक्सी व्यवसायी समितिका पदाधिकारी एवं सदस्यहरूको उपस्थितिमा गरिएका निर्णय समेत कार्यान्वयन हुन नपाउँदै परिवर्तन हुने अवस्था अन्त्य हुन जरुरी छ ।

Home Delivery

Chicken MoMo : Rs. 85
Chicken Chawamin :Rs. 85
Veg. MoMo : Rs. 60
Veg. Chawamin : 60
Buff.MoMo : Rs.70
Buff.Chawamin : 70

(No Delivery Charges)
Serving Time : 11 AM to 6 PM
(Min 3 plates order)
We Serve Within Pokhara City Only

आजको पञ्चाङ्ग

आज मिति २०७० साल चैत्र १२ गते बुधबार, तदनुसार मार्च २६ सन् २०१४, श्रीशाके १९३५, नेपाल संवत् ११३४, पराभवनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वसन्त ऋतु चल्दै छ । चान्द्रमान अनुसार चैत्रकृष्णापक्षपक्ष चलिरहेको छ । शौरमान अनुसार आज चैत्रकृष्णापक्षको दशमी तिथि १२ घटि ५८ पला अर्थात बिहानमा ११ बजेर १५ मिनेटसम्म त्यसउप्रान्त एकादशी तिथिमा लाग्नेछ । आज सूर्य मीन राशिमा रहेको छ भने मकर राशिमा अहोरात्र रहनेछ । आज दिनमान ३० घटि ३४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०४ मिनेटमा तुरुदेव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर १७ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।
वृष : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।
मिथुन : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।
कर्कट : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।
सिंह : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।
कन्या : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।
तुला : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।
वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।
धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।
मकर : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।
कुम्भ : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।
मीन : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलव्धि हाँसिल, दिन सबै प्रकारले शुभ रहने ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कछुवाको गतिमा राष्ट्रिय गौरवका आयोजनाहरू

रमेश लम्साल

सरकारले विकास निर्माणको कामलाई प्रभावकारी बनाउने र छोटो प्रक्रियाबाट लगानी गर्ने उद्देश्यका साथ लगानी बोर्ड गठन गरेर केही महत्वपूर्ण आयोजनाहरू अगाडि बढाए पनि तिनको काम भने कछुवाको गतिमा मात्रै अगाडि बढेको छ । सोचेअनुरूप राष्ट्रिय गौरवका आयोजनाहरू अगाडि बढ्न नसक्दा सरकारको सोच र चाहना कतै पूरा नहुने हो कि भन्ने आशङ्कासमेत पैदा भएको छ ।

मुलुकमा ठूला पूर्वाधार संरचनामा विदेशी लगानी भित्रचाउने र यस प्रकारको ठूलो लगानीले अर्थ व्यवस्थामा सकारात्मक प्रभाव पार्ने लक्ष्यका साथ बोर्ड गठन गरिएको थियो । बोर्डले केही महत्वपूर्ण आयोजनाको प्रक्रियासमेत अगाडि बढाएको छ, तर प्रभावकारी रूपमा त्यस्ता आयोजनाहरू कार्यान्वयनको चरणमा प्रवेश गर्न नसक्दा आशङ्का पैदा भएको हो ।

बोर्डले पश्चिम सेती जलविद्युत् आयोजना, अरूण तेस्रो जलविद्युत् आयोजना, माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी लगायतका जलविद्युत् आयोजनाको प्रक्रिया हालसम्म कुनै पनि रूपमा अगाडि बढ्न सकेको छैन । बोर्डले लगानी भित्रचाउनका लागि भन्दै लामो समयदेखि आयोजना विकास सम्झौता (पिडिए)को प्रक्रिया सुरु भएको जनाए पनि त्यसले सार्थक निष्कर्ष पाउन सकेको छैन । करिब ९०० मेगावाट क्षमताको माथिल्लो कर्णाली जलविद्युत् आयोजनाको प्रवर्द्धक भारतीय कम्पनी जिएमआरसँग पिडिए गर्ने अन्तिम तयारी भएको भए पनि कहिले हुने भन्ने कुनै ठेगान भएको छैन । बोर्डका सहसचिव मुकुन्द पौडेलका अनुसार माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दीलगायतका ठूला जलविद्युत् आयोजनाको काम अगाडि बढ्ने चरणमा छ, केही समयभित्रै पिडिए हुन्छ । बोर्डले राष्ट्रिय गौरवमा नै राखेको ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोसी जलविद्युत् आयोजनाको काम भने तीव्र रूपमा अगाडि बढिरहेको छ । मुलुकमा जारी ऊर्जा सङ्कटलाई समाधान गर्नका लागि महत्वपूर्ण मानिएको सो आयोजना आगामी २०७३ साल असारमा सम्पन्न हुने छ । बोर्ड गठन हुनु अगावै सो आयोजना सुरु भएको कारण तीव्र रूपमा अगाडि बढेको देखिएको हो ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयअन्तर्गत रहेको तर बोर्डले प्रक्रिया अगाडि बढाइरहेको काठमाडौं तराई जोड्ने द्रुतमार्गको काम पनि अगाडि बढ्न सकेको छैन । कुल ७६ किलोमिटर लामो सो द्रुतमार्गको ट्र्याक खोल्ने काम नेपाली सेनाले सम्पन्न गरे पनि हाल कुनै पनि काम भएको छैन ।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयले सो आयोजना बोर्डबाट फिर्ता ल्याएको छ । केही दिन अगाडि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा बसेको उच्चस्तरीय कार्यदलको बैठकले सो आयोजनालाई पुन: मन्त्रालयमार्फत नै अगाडि बढाउने गरी बोर्डबाट फिर्ता ल्याएको थियो । सो मन्त्रालयका प्रवक्ता माधव कार्कीका अनुसार द्रुतमार्ग अगाडि बढाउने भौतिक पूर्वाधार, जनशक्ति, आवश्यक व्यवस्था बोर्डसँग नभएका कारण सरकारले नै प्रक्रिया अगाडि बढाउने उद्देश्यका साथ फिर्ता ल्याइएको हो ।

यसअघि द्रुत मार्गलाई निर्माण, स्वामित्व, सञ्चालन र हस्तान्तरण(बुट) प्रणालीमा अगाडि बढाउने ध्येयका साथ तीन वटा भारतीय कम्पनीले प्रारम्भिक आशयपत्र मन्त्रालयलाई बुझाएको थियो । आशयपत्र बुझाएका तीनवटै भारतीय कम्पनीले अन्तिम समयमा सम्पर्क नै गर्न नआएपछि सबै प्रक्रिया खारेज भएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो । सो आयोजनालाई मन्त्रालयले नै आवश्यक व्यवस्था मिलाएर निर्माण सुरु गर्ने तयारीमा रहेको उहाँको भनाइ छ । यस्तै सोही मन्त्रालय अन्तर्गत नै रहेको मध्यपहाडी लोकमार्गको ट्र्याक खोल्ने काम यसै महिनाको अन्त्यसम्ममा पूरा हुने जनाइएको छ । प्रवक्ता कार्कीका अनुसार दैलेख जिल्लामा बाँकी रहेको एक किलोमिटर ट्र्याक खोल्ने काम पूरा भएपछि कुल एक हजार ७७० किलोमिटर सडकको सुधारलगायतका काम मात्रै बाँकी रहने छ । हिउँदको समयमा सो सडकमा हलुका सवारी साधन सञ्चालन गर्न कुनै समस्या रहने छैन ।

यस्तै बोर्डले नै प्रक्रिया अगाडि बढाइरहेको सिमरा अन्तर्राष्ट्रिय विमानस्थलको काम भने अगाडि बढ्न सकेको छैन । यस्तै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विस्तार तथा सुधारको काम पनि कछुवाको गतिमा मात्रै अगाडि बढेको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका प्रवक्ता मोहनकृष्ण सापकोटाका अनुसार दोस्रो अन्तर्राष्ट्रिय विमानस्थलको काम प्राविधिक तहमा मात्रै रहेको छ । पोखराको क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सुरु हुने भनिए पनि कुनै पनि प्रक्रिया अगाडि बढेको छैन । चिनियाँ आयात निर्यात बैंकले लगानी गर्ने भनिएको पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलको काम निकट भविष्यमा नै सुरु हुने प्रवक्ता सापकोटाको भनाइ छ । बोर्डका सूचना तथा सञ्चार अधिकृत ओझाका अनुसार संविधानसभाको निर्वाचन र अस्थिर सरकारका कारण बोर्डले अगाडि बढाएका आयोजनाहरू अगाडि बढ्न नसकेको जस्तो देखिए पनि हाल स्थिर सरकार गठन भएका कारण आगामी दिनमा द्रुत रूपमा अगाडि बढ्ने विश्वास लिइएको छ । हाल आयोजना विकास सम्झौता (पिडिए)लाई अन्तिम रूप दिने काम भइरहेकोले केही दिनभित्रै सम्पन्न हुने र सो काम पूरा भएपछि जलविद्युत् आयोजनाहरूको काम सुरु भई विदेशी लगानी आउने उहाँको भनाइ छ । बोर्डमार्फत कार्यान्वयन गरिने आयोजनाहरूमा रासायनिक मल उत्पादन कारखाना, पाँचतारे होटल, भौतिक पूर्वाधार विकास बैंक, काठमाडौं उपत्यका मेट्रो रेल्वे, काठमाडौं उपत्यका फोहरमैला व्यवस्थापन परियोजना, उत्तर दक्षिण कोरिडोर, महत्वपूर्ण ठूला पुलहरू, विशेष आर्थिक क्षेत्रको विकास, निर्यात प्रवर्द्धन तथा प्रशोधन क्षेत्र, विशेष औद्योगिक क्षेत्र तथा सूचना प्रविधि पार्क रहेका छन् । बोर्डले लगानीसम्बन्धी नीति तर्जुमा गर्ने, लगानीका लागि प्रतिस्पर्धात्मक वा प्राथमिकताका क्षेत्र छनोट गर्ने, लगानीयोग्य परियोजनाको छनोट, प्रस्ताव आह्वान, प्राप्त प्रस्तावको मूल्याङ्कन, लगानीकर्तासँग वार्ता, लगानीको स्वीकृति र प्रस्तावसँग सम्झौता गर्ने बताइए पनि हालसम्म कुनै पनि प्रक्रिया अगाडि बढ्न सकेको छैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ अनुसार २०६८ साल भदौमा लगानी बोर्ड ऐन २०६८ पारित भएपछि बोर्ड गठन गरिएको थियो । बोर्ड गठन भएको दुई वर्ष पूरा भए पनि हालसम्म उदाहरणीय काम भने हुन सकेको छैन । पछिल्लो पटक अर्थमन्त्री डा रामशरण महतले राष्ट्रिय गौरवको आयोजनाहरूलाई तत्काल अगाडि बढाउन र कुनै पनि बहानामा ढिला नगर्न आग्रह गर्नुभएको अवस्थामा आगामी दिनमा ती आयोजनाले गति लिने विश्वास गर्न सकिन्छ ।

शिक्षा सेवा करबाट अपेक्षाभन्दा बढी राजस्व

प्रकाश सिलवाल
काठमाडौं ११ चैत ।

निजी तथा आवासीय विद्यालयका लागि लगाइएको एक प्रतिशत शिक्षा सेवा शुल्क (कर) बाट अपेक्षा गरिएभन्दा बढी राजस्व सङ्कलन भएको छ । शिक्षा सेवा करबाट चालु आर्थिक वर्षमा रु ३८ करोड राजस्व उठ्ने लक्ष्य लिइएकामा माघ मसान्तसम्मको विवरणमा रु २७ करोड उठेको छ । यो रकम गत वर्षको सोही अवधिको तुलनामा १४६ प्रतिशले बढी हो । आर्थिक वर्षको अन्त्यसम्ममा रु ३८ करोडभन्दा बढी राजस्व उठ्ने अनुमान गरिएको छ । आन्तरिक राजस्व विभागका महानिर्देशक टङ्कमणि शर्माले शिक्षा सेवा करको व्यवस्थालाई पछिल्लो समयमा प्रभावकारी कार्यान्वयनका लागि निजी विद्यालयले उत्साहवर्द्धक सहभागिता जनाएका बताउनुभयो । निजी शैक्षिक संस्थाले प्रदान गर्ने तोकिएका शैक्षिक सेवामा लाग्ने शुल्कबापतको रकम यसमा पर्दछ । एमाओवादीका नेता डा बाबुराम भट्टराई अर्थमन्त्री हुँदा विसं २०६५ मा लागू गरिएको 'पाँच प्रतिशत शिक्षा सेवा कर' तिर्न निजी (संस्थागत) विद्यालय तयार नभएपछि सरकारले निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन) सँगको सहमतिमा पाँच प्रतिशत करलाई एक प्रतिशतमा सीमित पारेको थियो ।

तर अघिल्ला वर्षका त्यही एक प्रतिशत कर तिर्न पनि निजी विद्यालयले आनाकानी गरेका थिए । चालु आर्थिक वर्षको बजेट ल्याउँदा सरकारले एक प्रतिशत शिक्षा सेवा करको रकम नतिरे विद्यालयको कम्पनी नवीकरण नहुने र अन्य सुविधासमेत रोक्न सक्ने चेतावनी दिँदै हालसम्मको एक प्रतिशत शिक्षा सेवा करबापतको जरिवाना छुट दिएकाले निजी विद्यालयहरू शुल्क (कर) तिर्न राजी भए । तर निजी विद्यालय सञ्चालकको छाता संस्थाले यो करलाई निरन्तरता नदिन आग्रह गर्दै आएका छन् । विद्यार्थीसँगै बिलबिजक जारी गरेर सो शुल्क तिर्न सरकारले अख्तियार दिएपछि निजी विद्यालयले सो शुल्क सरकारलाई तिरेका हुन् ।

प्याब्सनका अध्यक्ष लक्ष्यबहादुर केसीले संसारमा यस्तो करको व्यवस्था कतै नभएकाले आफूहरूको १२औँ राष्ट्रिय महाधिवेशनले एक प्रतिशत शिक्षा सेवा करको व्यवस्था हटाउन प्रस्ताव गरेको बताउनुभयो । उहाँले भन्नुभयो, "आफूहरूले बच्चाको टाउकामा बालअधिकार हनन हुने गरी शिक्षा सेवा कर थोपर्ने काम नहोस् भनेर आवाज उठाए पनि सरकारले कारबाहीको कुरा गरेपछि सम्झौता गर्न बाध्य भइयो । अब यसलाई निरन्तरता दिनु हुँदैन ।" उहाँले निजी विद्यालयले आम्दानीको नाफाको रकममा २५ प्रतिशत कर तिर्दै आएको अवस्थामा थप कर तिर्नु आवश्यक नभएको तर्क गर्दै आफूहरूले दिएको शिक्षा सेवा करबाट विपन्न र दुर्गमका कति विद्यार्थीले शिक्षामा सहुलियत पाए भन्ने स्पष्ट पारिनुपर्ने बताउनुभयो । शिक्षा मन्त्रालयका प्रवक्ता महाश्रम शर्मा भने शिक्षा सेवा कर तिर्नु निजी विद्यालयको दायित्व भएको भन्दै यस कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिइने बताउनुहुन्छ ।

सरकारको राजस्वमा सङ्कलन हुने भएकाले यसबापतको रकम शिक्षाको अवसरबाट वञ्चित हुनेहरूलाई खर्च हुने सरकारको मान्यता रहे पनि यही रकमका कारण निश्चित जिल्लाका निश्चित वर्ग लाभान्वित भएका छन् भन्ने विवरण मन्त्रालयमा नहुने शर्माले बताउनुभयो । रासस

पानी दिवस मनाइयो

पोखरा ११ चैत ।(गोल्डेन)

लेखनाथ साना सहरी खानेपानी आयोजना तथा सरसफाई आयोजना उपभोक्ता सस्थाले विश्व पानी दिवसको अवसर पारेर डाँडाको नाकमा रहेको पानी ट्याङ्की सरसफाइ गरेको छ । उपभोक्तालाई स्वच्छ र सफा खानेपानी उपलव्ध गराउने उद्देश्यले समितिका पदाधिकारी, कर्मचारी, सल्लाकार र क्षेत्रीय संयोजकहरुको सामुहिक सहभागितामा ट्याङ्कीको सरसफाई गरिएको समितिका अध्यक्ष वोधराज लामिछानेले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

बृद्धवृद्धाहरूलाई सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ चैत ।

स्व.दलबहादुर खत्रीको जन्मदिनको अवसरमा लामाचौर ३ निवासी उनकी धर्मपत्नी कुन्तीदेवी खत्री र छोराहरु धनबहादुर खत्री, पदमबहादुर केसीले पोखरा १७ सितापाइला स्थित पोखरा बृद्धाश्रमका ६४ जना बृद्धबद्धाहरुलाई फलफूल, मिठाई तथा दक्षिणा वितरण गरेका छन् । पोखरा बृद्धाश्रमको भवन निर्माणका लागि सहयोग स्वरुप तीन हजार रुपैयाँ बृद्धाश्रमका अध्यक्ष वसन्त केशव पराजुलीलाई हस्तान्तरण गरेका थिए भने आउँदा दिनहरुमा यस्तो किसिमको सहयोग प्रदान गर्दै जाने छोरा पदम के.सी.ले बताए ।

बर्गीकृत विज्ञापन

?

कुरियर सेवा

देश विदेशमा चिठीपत्र एवं अन्य पार्सल पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

साझा एक्सप्रेस प्रा. लि.
Saiha Express (P.) Ltd.

पोखरा शाखा :
फोन : ०६१-५३४०५०, मो.९८१४१६५९६५

सुनौलो एफएममा ज्योतिष जागरण

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला । सुझावका लागि : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी । मोवाइल : ९८५६०३०९१४

अब सस्तोमा विज्ञापन

साइज 1col x 5 cm	साइज 2col x 5 cm
३ दिनको लागि रू २५०/-मात्र	३ दिनको लागि रू ५००/-मात्र
७ दिनको लागि रू ५००/-मात्र	७ दिनको लागि रू १०००/-मात्र
३० दिनको लागि रू १५००/-मात्र	३० दिनको लागि रू ३०००/-मात्र

सम्पर्क : गोल्डेन न्यूज राष्ट्रिय दैनिक
फोन : ०६१-५३९४५५,५२२२२२ मो.९८५६०३४६०१

सटर भाडामा

पोखरा चिप्लेढुङ्गा मानव अधिकारचोक अगाडि डेकोरेसन सहितको सटर भाडामा छ । ईच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८०६५४४७०६

बिहेबारी

सुखद दाम्पत्य जीवनका लागि उपयुक्त वर बधु खोज्नु परेमा ।
सम्पर्क :
लगन गाँठो
९८५६०३६०९६
९८४६७४६५२२

तुरून्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङकर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

खानेपानी चाहिएमा

मूलको शुद्ध खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् । बोरिङको नगनाउने पानी

सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँखोलाचोक, आर्वा-१, फोन : ०६१-५३९०६०
९८५६०३७६६६,९८५६०३५७३८

कर्मचारी आवश्यकता

यस पुस्तक पसलका लागि केही कर्मचारीहरू आवश्यक परेको हुँदा ईच्छुक पुरुष व्यक्तिलेमात्र सम्पर्क गर्नुहोला ।

सम्पर्क :
कोशेली प्रकाशन
महेन्द्रपुल, पोखरा
०६१-५२०६४४

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू नि:शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :-
- शतप्रतिशत उत्तीर्ण गराउन सफल
- आफ्नै मैनपावर कम्पनीबाट प्रोसेस गराईने ।
- १ बर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

अन्तरवार्ता भइरहेको छ ।

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश काम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२९२, मो. ९८५६०-[illegible]

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

नौमतिको नाच : विगत केही वर्ष यता पोखरामा नौमति बाजाको प्रचलन बढ्दै गएको छ। विवाह, व्रतवन्ध एवं अन्य खुशीयाली र धार्मिक कार्यक्रममा समेत नौमति बाजा समूहलाई बोलाउने र रमाइलो गर्नेहरूको संख्या बढ्दो छ। परम्परागत पञ्चेबाजा र आधुनिक व्याण्ड बाजालाई समेत पछि पार्दै बजार र गाउँमा समेत नौमति बाजा बजाउनेहरूको संख्या र समूह समेत बढ्दै गएको छ। विभिन्न स्थानमा पुगेर बाजा बजाउने र रमाइलो गर्दै नाच्नेहरूले निश्चित रकम समूहको नाममा लिने र आफूहरूले आफ्नै समूहबाट पारिश्रमिक लिने गरेकोले पनि समूह संगठित र जिवन्त बन्दै गइरहेको छ। अझ भन्ने हो भने महिला र पुरुष झण्डै बराबरीको संख्यामा रहेर नाच्ने गाउने गर्ने हुनाले सर्वसाधारण समेत यसबाट आकर्षित हुन थालेका छन्। पोखराको सिमलचौरस्थित नवसिर्जना (नौमती बाजा) पुन मगर समूहका महिला सदस्यहरू स्थानीय लालप्रसाद अधिकारीको वैवाहिक कार्यक्रममा बाजा बजाउन छाडेर संयुक्त नृत्य प्रस्तुत गर्दै। तस्वीर : गोल्डेन न्यूज दैनिक

नेपाल तरुणदल क्षेत्र नं. ३ को विशेष भेला

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

नेपाल तरुण दल क्षेत्र नं.३ को तरुण विशेष भेला मंगलबार नेपाली काँग्रेस पार्टी कार्यालय चिप्लेढुङ्गामा सम्पन्न भयो। कास्की क्षेत्र नं.३ का ३ वटा गाविस र पोखरा नगरका ७ वटा गरी जम्मा १२ इकाईका तरुणदल अध्यक्ष, उपाध्यक्ष, सचिव र प्रतिनिधिहरुको उपस्थिति रहेको थियो।

कार्यक्रमका नेपाली काँग्रेसका पूर्व सभापति एवं महासचिव सदस्य सोभियतबहादुर अधिकारीले विचार र कार्यले मानिस युवापन प्रदर्शन हुने भन्दै दोस्रो संविधानसभा निर्वाचनमा गरिएका प्रतिवद्धतालाई पूरा गर्न सधैं जनताको बीच रहेर कार्य गर्ने प्रतिवद्धता जनाए।

नेपाल तरुण दल कास्कीका अध्यक्ष ऋषि काफ्लेले तरुणहरुले आफू र आप्नो घर परिवार व्यस्थापन गरी तरुणहरुको वर्तमान र भविष्य निर्माणमा लाग्नुपर्नेमा जोड दिए।

कार्यक्रममा नेपाली काँग्रेस जिल्ला सदस्य वीरेन्द्र नारायण विजुक्छे, पोखरा नगर सभापति विष्णुहरि बराल, तरुण दल उपाध्यक्ष मनोज गुरुङ्ग, नेपाल तरुण दल जिल्ला सचिव पदम बस्ताकोटी, कांग्रेसका नेताहरू बेदहरि तिमिल्सिना, हरि आचार्य, वर्षा केशव पराजुली, अशोक भट्टचन, प्रेम परियार, कमला बराल, केवल गिरी, राधाकृष्ण तिवारी, लेखनाथ पराजुली, डिआर भट्टराई, तरुण दल इकाई प्रतिनिधिहरू किरण बराल, सुरेश खवास, बिक्रम भण्डारी, बलराम गिरी, शंकर पौडेल, पूर्ण भण्डारी, दुर्गा थापा, मदन पौडेल, चेतबहादुर कार्की लगायतले दलको सांगठानिक अवस्था र स्थानीय निकायको निर्वाचनमा तरुणहरुको महत्वपूर्ण भूमिका हुनुपर्नेमा जोड दिएका थिए। युवा परिचालन समितिका संयोजक सुवास कोइरालाको अध्यक्षतामा सम्पन्न भेलाको संचालन जिल्ला सचिव शंकर ढुङ्गानाले गरेका थिए।

सिदिङ र भीमजुङमा छ किमि सडक निर्माण

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

कास्कीको ल्वाङघलेल वडा नम्बर ९ का स्थानीयवासी चन्दा संकलनबाट ६ किलोमिटर लामो कृषि सडकको निर्माण गरेका छन्। मर्दी हिमाल ट्रेकिङ्ग रुटमा पर्ने कालीमाटीदेखि सिधिङ र भिमजुंग जाने कृषि सडकको गत शुक्रबार हिमबहादुर गुरुङ्गले उद्घाटन गरेका थिए।

सडक निर्माणका लागि १७ लाख ४३ हजार ४ सय ७५ रुपैयाँ खर्च लागेकोमा १२ लाख ४८ हजार ६ सय ३१ रुपैयाँमात्रै चन्दा संकलन भएको निर्माण समितिले बताएको छ। भने लाख ९५ हजार रुपैयाँ ऋण रहेको समितिको भनाइ छ। स्थानीय हिमबहादुर गुरुङ र सत्बहादुर गुरुङ परिवारले सबैभन्दा बढी २ लाख १० हजार रुपैयाँ सहयोग गरेको थियो।

'विभिन्न सरकारी निकायमा गए पनि सहयोग नपाएपछि चन्दा संकलन गरी पूर्ण रुपमा जनसहभागितामा सडक बनाएका हौं,' सडकका सचिव सुदीप गौतमले भने, 'एक पैसा नहुदै सडक निर्माण सुरु गरेर अहिले सडक निर्माण भएको हो।' ऋण पनि चन्दा उठाएरै तिर्ने योजनामा रहेको र जनता जुटेर लागेमा कुनै पनि विकास निर्माणलगायतका काममा सरकारको मुख ताक्नु नपर्ने उनले ठोकुवा गरे। सडक बनेपछि बजारबाट सामान ल्याउन, गाउँमा उत्पादन भएका कृषिजन्य उत्पादन बजार पुऱ्याउन सजिलो हुने स्थानीयवासीले बताएका छन। सडक बनेपछि औषधी उपचारका लागि बिरामीलाई आवतजावत गर्न सजिलो भएको स्थानीयवासीको भनाइ छ। गत वर्ष पारीपट्टीको कालीमाटी गाउँसम्म मोटरबाटो आएपछि सिधिङ र भिमजुंगबासी सडक खन्न हौसिएका हुन। स्थानीयवासीले सुरुमा १० हजार रुपैयाँ प्रतिघर उठाएका थिए। सडकका अध्यक्ष रुद्रप्रसाद सुवेदीले सरकारी सहयोगबिनै सडक उद्घाटन गर्न पाउँदा खुशी लागेको बताए। गौतमका अनुसार गाउँलेबाट ७ लाख १६ हजार ५ सय, विभिन्न स्थानका व्यक्तिबाट चन्दा एकलाख ६० हजार, भैसी संरक्षण समितिबाट ९२ हजार ६ सय ३१ गरी १२ लाख ४८ हजार ४ सय ७० रुपैयाँ संकलन भएको थियो। गाउँमा भैसी, गेडाबाखा पालन, तरकारी, आरुबखडा, आरु, खुर्पानी, नास्पति लगायत कोदो, मकै, भट्ट, आलु पनि ठूलो परिमाणमा उत्पादन हुन्छ। सडक बनेकाले उत्पादनलाई बजारसम्म पुऱ्याउन सहज हुने स्थानीयवासीले विश्वास लिएका छन्।

स्व. गोविन्द रानाको निवासमा मन्त्री सिंह

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ चैत ।

प्रजातन्त्र सेनानी गोविन्द बहादुर राना मगरको निधन भएको सातौं दिनको अवसरमा उपप्रधानमन्त्री तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंह उनको निवासमा पुगेर परिवारप्रति समवेदना प्रकट गरेका छन्। सिंहसंगै नेपाली काँग्रेस सभासद् एवं केन्द्रिय सदस्य जीवन परियार, सभासद् यज्ञबहादुर थापा, सभासद शारदा पौडेल लगायत नेपाली काँग्रेस कास्की जिल्लाका पदाधिकारी एवं विभिन्न ईकाई नेता गणहरु रानीपौवा, पोखरा ११ स्थित उहाँको निवासमा गई परिवाजन सदस्यहरु संग भेट गरि शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गर्नुका साथै स्वर्गीय रानाको तस्वीरमा पुष्पार्पण गरेका थिए।

प्रजातन्त्र सेनानी स्वर्गीय गोविन्द बहादुर राना मगर वि.सं. २००७ सालमा देशमा निरङ्कुश राणा शासनको अन्यका लागि नेपाली काँग्रेसको आव्हानमा भएको सशस्त्र एवं जागरण अभियानमा सशक्त भूमिका निर्वाह गरेका थिए।

व्यवस्थापन अध्ययनमा सम्भावना र चुनौति पनि

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

नोभेल एकेडेमी पोखराको आयोजनामा व्यवस्थापन अध्ययनको सम्भावना एवं चुनौति विषयक सेमिनार मंगलबार सम्पन्न भएको छ। वनारस हिन्दू विश्वविद्यालयका पूर्व डीन प्रा.डा. एसके सिंह, पोखरा नुडल्स प्रा.लि. का निर्देशक बाबुराम पन्त एवं कर्माचार्य ग्रुपका कार्यकारी निर्देशक विकल कर्माचार्यले संयुक्त रुपमा कार्यक्रमको उद्घाटन गरेका थिए।

कार्यक्रममा बोल्दै बनारस हिन्दू विश्वविद्यालयका पूर्व डिन प्रा.डा. एसके सिंहले व्यवस्थापन बिषयको बारेमा चर्चा गर्दै वर्तमान समयमा योग्य तथा गुणस्तरीय मानव साधन लागि व्यवस्थापन बिषयको अध्ययन आवश्यक रहेको बताए। उनले पचास प्रतिशत भन्दा बढि व्यवसायिक क्षेत्रमा दक्ष जनशक्ति नहुँदा दक्षिण पूर्वी एशियामा आर्थिक बन्दी भएको स्पष्ट पारे। पोखरा नुडल्स प्रा.लिका निर्देशक बाबुराम पन्तले व्यवस्थापन विषयको विस्तृत अध्ययनले आर्थिक क्षेत्रमा विद्यार्थीको भविष्य उज्जवल हुने बताए। कर्माचार्य ग्रुपका कार्यकारी निर्देशक विकल कर्माचार्यले उद्यमशिलता बारेमा चर्चा गर्दै व्यवस्थापन विषय अध्ययन गर्ने विद्यार्थीहरु आफै उद्यमी हुनुपर्नेमा जोड दिए। नोभेल एकेडेमीका प्रमुख कार्यकारी अधिकृत विश्वेश्वर आचार्यले व्यवस्थापन अध्ययनले मात्र नपुग्ने भन्दै व्यवहारिक शिक्षाका लागि आफूले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए। कार्यक्रममा एकेडेमीका प्रमुख संचालन अधिकृत दिनेश आचार्य, व्यवस्थापन संकायका कार्यक्रम संयोजक दीपेन्द्र पहारीलगायतले आ-आफ्नो भनाइ राखेका थिए।

पोविविका नेविसंघको आग्रह

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ चैत ।

पोखरा विश्वविद्यालय अर्न्तगत नेपाल विद्यार्थी संघले संघको विधान भित्र रहेर परिचय-पत्र लिन सम्पूर्ण लोकतान्त्रिक, प्रजातान्त्रिक विद्यार्थीलाई आग्रह गरेको छ। नेपाल विद्यार्थी संघका संयोजक राजन अधिकारीले मंगलबार प्रेस विज्ञप्ति मार्फत नेपाल विद्यार्थी संघको सदस्यता वितरण सुरु भएको जानकारी गराएका छन्। पोखरा विश्वविद्यालयको पाँचौ अधिवेशन भव्यताका साथ सम्पन्न गर्न समेत विद्यार्थीलाई आग्रह गरको छ। सदस्यता लिन यमकृष्ण पौडेल, मनोविन शर्मा, गोपिकृष्ण तिवारी, महेश वञ्जरा, नारायण त्रिपाठी, अमृत पौडेल, किसान पौडेल, गणेश सापकोटा, ध्रुव पन्थी, विश्वराज पौडेल, सन्दीप पौडेल, विकास त्रिपाठी र नारायण सापकोटालाई सम्पर्क सकिने विज्ञप्तिमा उल्लेख छ।

अखिल क्रान्तिकारी सम्मेलनको तयारीमा

पोखरा ११ चैत ।(गोल्डेन)

अखिल क्रान्तिकारी पोखरा विश्वविद्यालय जिल्ला समितिको पाँचौ पूर्ण बैठक मंगलबार सम्पन्न भएको छ। अखिल क्रान्तिकारी संगठनका अध्यक्ष विष्णु काफ्लेका अध्यक्षतामा सम्पन्न कार्यक्रम संगठनका केन्द्रीय सचिव दिपेन्द्र चलाउने उद्घाटन गरेका थिए। संगठनका केन्द्रीय सदस्य किशोर सुवेदीको विशेष उपस्थितीमा भएको बैठकले अखिल क्रान्तिकारी पोखरा विश्वविद्यालय तेस्रो जिल्ला सम्मेलन आयोजक समितिका संयोजक विष्णु काफ्लेको नेतृत्वमा २१ सदस्य गठन गरेको छ। आगामी बैशाख १९ गते हुने जिल्ला सम्मेलन सफल बनाउन ३ वटा उपसमिति समेत गठन गरेको छ। जसमा प्रचार-प्रसार तथा जनपरिचालन संयोजक गजेन्द्र झा सहितको १३ सदस्य समिति,आर्थिक संयोजक विष्णु काफ्ले सहित ४ सदस्य समिति, प्रकाशन संयोजक संजीव लाहनी सहित ४ सदस्य समिति गठन भएको छ। यसै गरी चैत मसान्तभित्र स्कूल र क्याम्पसमा ईकाइ सम्मेलन सम्पन्न गर्न उपसमिति गठन भएको अखिल क्रान्तिकारी पो.वि. जिल्ला समितिले जानकारी गराएको छ।

सिटीका कर्मचारीद्वारा आँखादान

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ चैत ।

सिटी डेभलपमेण्ट बैंकले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा विश्व आँखा दान दिवसको अवसरमा बैंकमा कार्यरत ३५ जना कर्मचारीहरुले आँखा दान गर्ने घोषणा गरेका छन्। नेपाल कर्निया कलेक्सन म्यानेजमेण्ट कमिटीद्वारा आयोजित कार्यक्रममा बैंकका कर्मचारीहरूले विश्व आँखा दान दिवसमा हिमालय आँखा अस्पताल र लायन्स क्लब अफ पोखरा सेन्ट्रल भ्याली कर्निया कलेक्सन सेण्टर समक्ष आँखादान गर्ने इच्छा पत्र हस्तान्तरण गरेका थिए।

ग्रामिणमुखि बैंक भनेर परिचित सिटी डेभलपमेण्ट बैकका हालै मात्र संचालनमा आएका चितवनको नारायणगढ, बागलुङ्ग, र लेखनाथको शिशुवा समेत गरि १२ वटा शाखाबाट बैंकिङ्ग सेवा पुऱ्याउँदै आएको छ। हाल महिला बर्गलाई लक्षित गरि लघुवित्त कार्यक्रम ल्याएको केहि समयमा नै "युवासँग सिटी" कार्यक्रम युवा वर्गलाई समेत लघुवित्त सेवा प्रदान गर्ने उद्देश्यले सञ्चालन गरेको छ।

सुपुर्दगी विधेयक पारित

काठमाडौं,११ चैत ।

व्यवस्थापिका-संसदको आजको बैठकले सुपुर्दगी विधेयक २०७० र र संगठित अपराध निवारण विधेयक २०७० लाई पारित गऱ्यो। उपप्रधान एवम् गृहमन्त्री वामेदव गौतमले दुवै विधेयकलाई दफावार छलफलसहित पारित गरियोस् भन्ने प्रस्ताव बैठकमा राखेका थिए। सुर्पुदगी विधेयकमाथि सभासद्हरु प्रेम सुवाल, लालबाबु राउत, कुन्तीकुमारी शाही, धनीराम पौडेल र वीरेन्द्रप्रसाद महतोले संशोधन प्रस्ताव राखे पनि ती प्रस्तावलाई बैठकले अस्वीकृत गरेको थियो। सभासद्हरुले विधेयकमाथि राखेका जिज्ञासाको उत्तर दिँदै उपप्रधान एवं गृहमन्त्री गौतमले अपराध नियन्त्रण गर्न यी विधेयक आवश्यक रहेको बताए।

यसैगरी, संगठित अपराध निवारण विधेयक २०७० माथि सभासद्हरु रामनारायण बिडारी, डिल्लीराम काफ्ले, डा. वीरेन्द्र महतो र रेखा शर्माले राखेको संशोधन प्रस्तावलाई बैठकले अस्वीकृत गरेको थियो। सभासद् लक्ष्मणलाल कर्ण र लालबाबु राउतले राखेको संशोधन प्रस्ताव भने बैठकमा निर्णयार्थ प्रस्तुत गरिएन। संगठित अपराध निवारण सम्बन्धी विधेयकमा सभासद्हरुले संशोधन प्रस्तावका बेला राखेका जिज्ञासाहरुको जवाफ दिँदै उपप्रधान एवं गृहमन्त्री गौतमले अपराध नियन्त्रण र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न यो विधेयक आएको बताए। उनले जसरी प्रस्तुत गरिएको छ सोही अनुरुप विधेयक पारित गर्न जरुरी छ भन्दै यसको कार्यान्वयनका क्रममा देखिने चुनौती एवं अप्ठयारोलाई परिमार्जन गर्दै लानसकिने बताए। यसैगरी, कानुन, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्री नरहरि आचार्यले प्रस्तुत गरेको पारस्परिक कानुनी सहायता विधेयक २०७० लाई पनि बैठकले पारित गऱ्यो।रासस

जैविक एवं यौगिक खेती विषयक प्रशिक्षण

गोल्डेन न्यूज संवाददाता
पोखरा ११ चैत ।

ब्रह्माकुमारी राजयोग प्रशिक्षण केन्द्र शिशुवा शाखाद्वारा आयोजित जनचेतनामुलक दुई दिने जैविक एवं यौगिक खेती विषयक प्रशिक्षण कार्यक्रम ओम् शान्ति भवन शिशुवामा शुरु भएको छ। पर्यावरणको संरक्षण गर्ने उद्देश्यले आयोजित प्रशिक्षणमा जैविक, रासायनिक, यौगिक खेतिको परिचय,फाईदा,असर आदिको बारेमा ब्रह्माकुमारी राजयोग प्रशिक्षण केन्द्र शाखा दमौलीका प्रशिक्षक ब्रह्माकुमार राजु खड्काले प्रशिक्षण दिएका थिए भने कार्यक्रमको संचालन राजयोग केन्द्र शिशुवाकी संचालिका ब्रह्माकुमारी सविताले गरेकी थिइन। प्रशिक्षणमा लेखनाथ नगरपालिका वडा न. ७, ८, ९, ११, १३, १४ का ५५ जना कृषको सहभागिता रहेको थियो।

निगमको जहाज उडेको उड्यै

काठमाडौं,११ चैत ।

आन्तरिक उडानमा जहाजबिहीन भएको नेपाल वायु सेवा निगमले मंगलबारबाट पुनः उडान सुरु गरेको छ। जहाजबिहीन भएको १६ दिनपछि निगमले मंगलबारबाट औपचारिक उडन सुरु गरेको हो। निगमले मंगलबार लुक्लाका लागि उडान तालिका तय गरेको भएपनि खराब मौसमका कारण जहाज अवतरण हुन नसकेपछि पुनः काठमाडौं नै फर्केको निगमका प्रवक्ता रामहरि शर्माले जानकारी दिए। गत फागुन २६ गते खोटाङको लामीडाँडाका लागि उडेको निगमको जहाजको इन्जिनमा खराबी आएपछि उडान भरेको केही समयमा नै आकस्मिक अवतरण गरिएको थियो।

चावी घर (Key House)
सिद्धार्थचोक, पोखरा

फोन : ०६१-५२५१९०, ९८५६०२५४९०, ९८०४११३२५१

हाम्रा सेवाहरू : हरेक प्रकारका तालाको चावी डुप्लिकेटिङ्ग, रिपेयरिङ्ग, होम सर्भिस र बन्द रहेको सबै किसिमको दराज, सेफ, ढोका, गाडी, मोटरसाइकल, पोष्टवक्स, टेवल, फाइलिङ्ग क्याविनेट, सुटकेश, नम्बर चावी, सेक्युरिटी लक आदि बन्द खोल्न होम सर्भिसको व्यवस्था छ।

मास्टर की बनाउनुका साथै चावी सम्बन्धी सम्पूर्ण काम गरिन्छ।

हामी सरेका छौं
न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर कार्टिज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस्।
त्यो पनि सस्तोमा

अत्याधुनिक मेसिनद्वारा कार्टिज सफा गरी प्रेस ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस्।

सेवा दिने स्थानहरू : पोखरा भ्याली, लेखनाथ र तनहुँ

Mycomputersathi.com
❖website Design & Development
❖Online Radio streaming Service
Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9846014696, 9804160688, 9846444087
Email : mycomputersath, Skype : mycomputersathi
Website : www.mycomputersathi.com

ग्यारेण्टी उपचार ! ग्यारेण्टी उपचार !!
⇨यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पुन सुहाग रात फर्काउन, Herbal Livetra, Hormotex, Maxman.
महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
⇨केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
⇨मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
⇨उचाइ बढाउन Step up (नबढे पैसा फिर्ता)
⇨तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
⇨थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
⇨तौल घटाउने जापनिज deit मात्र २५००।-
⇨ढाड तथा जोर्नी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिन
✱ तौल घटाउन Slim 24 pro
पोखरा हर्वल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

100% ग्यारेन्टी उपचार
जाँड रक्सी
साथै चुरोट गाँजा थाहा नदिई ३ दिनमा नै छुटाउने।
SEX शिघ्र स्खलन, उत्तेजना नहुने साथै लिङ्गको मोटाई र लम्बाई बढाउने उपकरण जस्तो सुकै यौन समस्याको सफल उपचार
१ महिनामा ३ देखि १० के.जी.सम्म मोटोपन घटाउने
HIGHT: १ महिनामै ३ इन्च सम्म उचाई बढाउने
भेजीना : टिनेजरको जस्तै कसिलो बनाउने जेल साथै ड्रप्स
चाँया कालो पोतो: डण्डीफोर, दाग, चाउरीपन, मखिया हटाई पुरै शरिर गोरो बनाउने Fear Look
दुप्लो पातलो: शरिरको तौल एक महिना मै ३ देखि १० केजी बढाउने।
चिरा: महिलाको पेट तथा छातीमा देखिने सेतो धर्सा हटाउने
स्तन: चाहेजति बढाउने, घटाउने साथै टाइटनै क्रिम
केश: झर्न रोकी तुरुन्तै उमार्ने HERBAL OIL
हामीकहाँ एलोभेरा जुस पनि पाइन्छ।
पुरानो ग्यास्टिक, दम, पायल्स ठिक पार्ने हर्बल चुर्ण
POWER POINT: ढाड तथा हाडजोर्नी दुखाई तुरुन्तै ठिक पार्ने मसाज तेल
टि.भी तथा पत्रिकामा देखाईने सम्पूर्ण सामानहरु हामीकहाँ पाइन्छ।
फ्रि होम डेलिभरी
माछापुच्छ्रे हर्बो ट्रेड
पृथ्वीचोक (पोखरा बिजनेश कम्प्लेक्स भित्र), फोन नं.: ०६१-५३१८६७, मो. ९८४६१-३७४१८

१00% ग्यारेन्टी उपचार
१) चायाँ, पोतो डन्डीफोर र मखियालाई एक हप्तामै ग्यारेन्टीका साथ हटाइने। (रू.3000 मात्र)
२) मोटोपना बिना Side effect 100% ८ केजी एक महिनामा घटाउने।
३) कपाल झर्न रोक्न र कपाल उमार्ने। सेतो फुलेको कपाललाई ५ मिनेटमै कालो बनाउने।
४) महिनामा १-३ इन्च हाईट बढाउने Dr. Ayurbeda 100%
५) मोटोपन बढाउनकालागि आयुर्वेदिक औषधी।
६) चाउरीपना हटाउने।
७) पिनासका लागि आयुर्वेद औषधि
८) पेटमा भएको धर्सा हटाइने विशेष गरी महिलाको।
९) स्तन घटाउने, बढाउने र टाइट गर्ने 100% Guarantee।
१०) गोरोपन र चम्किलो मुहारकालागि रूप अमृत।
११) जाँड, रक्सी, सुर्ती, चुरोट केही दिनमा थाहा नदिइ हटाइने।
स्किन टेष्ट गरेर हर्वल कस्मेटीक प्रोडक्ट प्रयोग गराईने 100% ग्यारेन्टीका साथ
Note:- हामीकहाँ स्किन टेष्ट गरेर हर्वल कस्मेटिक प्रोडक्ट प्रयोग गराइने 100% Guarantee का साथ।
बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुंगा, पोखरा-९
(मल्ल इम्पोरियमको अगाडि) द्वा कम्प्लेक्स भन्दा दुई घर तल
फोन: ९८४६१५४१८८, ०६१-६२१२०२

नेपाल सरकारका उपप्रधान, स्थानीय विकासमन्त्री एवं नेपाली कांग्रेसका महामन्त्री प्रकाशमान सिंह कास्कीको चापाकोट र भदौरतामागीको बीचमा रहेका हर्पनखोलामा नव निर्मित मोटरेवल पुलको उद्घाटन गर्दै । साथमा सभासद सीता गिरी वली र यज्ञबहादुर थापाका साथै स्थानीय विकास अधिकारी इश्वरराज पौडेल र कास्कीका प्रहरी नायव उपरीक्षक सन्तोष खड्का लगायत अन्य व्यक्तित्वहरू । तस्वीर : शिरामणि बराल/गोल्डेन न्यूज

संवैधानिक परिषद्को बैठक बिहीबार

काठमाडौं,११ चैत ।

संवैधानिक परिषद्को बैठक आगामी बिहीबारका लागि बोलाइएको छ । नयाँ सरकार गठन भएपछि पहिलोपटक बस्न लागेको बैठकको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले मंगलबार पत्र पठाइएको हो ।

व्यवस्थापिका-संसद्को सोमबारको बैठकले 'संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को साविकको व्यवस्था जगाउने विधेयक, २०७०' लाई सर्वसम्मतिले पारित गरेको थियो । तत्कालीन मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीले संवैधानिक निकायहरूमा नियुक्तिका लागि सो व्यवस्थालाई अध्यादेशमार्फत परिवर्तन गरेका थिए ।

तत्कालीन मन्त्रिपरिषद्ले निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोगलगायतका निकायका प्रमुखहरूको नियुक्ति गरेको थियो । "बैठक बिहीबार बस्ने गरी आज पत्राचार भएको छ," मुख्यसचिव लीलामणि पौड्यालले भने ।

परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रधानमन्त्रीले तोकेको तीन जना मन्त्री, सभाध्यक्ष, प्रमुख विपक्षी दलका नेता सदस्य रहने व्यवस्था छ । बैठकका लागि प्रधानमन्त्री सुशील कोइरालाले परिषद् सदस्यमा उपप्रधामन्त्री एवम् गृहमन्त्री वामदेव गौतम र उपप्रधानमन्त्री एवम् सङ्घीय मामला तथा स्थानीय विकास मन्त्री प्रकाशमान सिंहलाई तोकेका छन् ।

ऐनमा तीन जना मन्त्री रहने व्यवस्था रहेपनि सत्ता गठबन्धनका हिसाबले तत्काललाई दुई जना मन्त्रीलाई मात्रै तोकिएको बुझिएको छ । प्रधानन्यायाधीश नियुक्ति गर्दा मात्रै कानुन मन्त्री पनि सदस्य रहनु पर्दछ । प्रमुख राजनीतिक दलहरूका बीचमा विभिन्न संवैधानिक निकायमा रिक्त रहेका पदहरूमा तत्काल नियुक्ति गर्ने विषयमा छलफल भइरहेको अवस्थामा पहिलोपटक बस्न लागेको परिषद्को बैठकले महत्वपूर्ण निर्णय गर्ने जनाइएको छ । रासस

कांग्रेस नेता जोशी गम्भीर

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

प्रधानमन्त्री सुशील कोइरालाले नर्भिक अस्पताल काठमाडौंमा सोमबारबाट उपचार गराइरहेका पूर्वमन्त्री एवम् नेपाली काँग्रेसका नेता गोविन्दराज जोशीको स्वास्थ्य अवस्थाबारे जानकारी लिएका छन् । मंगलबार साँझ अस्पताल पुगेर प्रधानमन्त्री कोइरालाले नेता जोशीको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको उहाँका प्रेस संयोजक प्रकाश अधिकारीले जानकारी दिए । उच्च रक्तचापको समस्या रहेको जोशीलाई अचानक न्यून रक्तचापको समस्या देखिएर वान्ता र मुर्छा परेपछि अस्पताल लगिएको थियो । चिकित्सकका अनुसार उनको प्याङ्क्रियाजमा सङक्रमण देखिएको छ । जोशीको स्वास्थ्य समस्या जटिल बन्दै गएपछि भोलि बिहान ९ बजे एअर एम्बुलेन्सबाट उपचारको लागि भारत लाने तयारी भएको बुझिएको छ । जोशीलाई भेट्न मन्त्री तथा काँग्रेसका नेताहरू अस्पताल पुगेका थिए ।

क्रिकेट एकेडेमी संचालन हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा,११ चैत ।

पोखराको बुद्ध क्रिकेट एकेडेमी संचालन हुने भएको छ । एकेडेमीमा खेलाडीहरुलाई आवश्यक पर्ने सम्पूर्ण भौतिक पूर्वाधारहरु निर्माण भैरहेको एकेडेमीका व्यवस्थापक शिव थापाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । तीन उमेर समूह क्रमश: अण्डर १२, अण्डर १५, अण्डर १९ मा विभाजन गरी प्रशिक्षण दिने योजना गरिएको बुद्ध क्रिकेट एकेडेमीमा महिला तथा पुरुष सहभागी हुन पाउने व्यवस्था मिलाइएको छ । यही बैशाख १४ गते आइतबारदेखि छुट्टै पाँच दिने बन्द प्रशिक्षण सिविर पनि सञ्चालन हुने जानकारी अस्ट्रेलिया निवासी लक्ष्मु थापाले जानकारी दिए। पाँच दिने प्रशिक्षण कार्यक्रममा अस्ट्रेलिया र भारतबाट क्रिकेट प्रशिक्षकहरु आउने व्यवस्था मिलाइएको छ ।

मुक्तिनाथ...

निषेधित क्षेत्र घोषणा गर्ने, पर्यटकलाई दु:ख दिने, मुक्तिनाथ दर्शनका लागि गएका भारतीय र अन्य पर्यटकमाथि ज्याजति गर्ने तथा उनीहरुद्वारा संचालित सवारीमै यात्रा गर्न दवाव दिने जस्ता स्थानीय व्यवसायीको व्यवहारप्रति पश्चिमाञ्चल होटल संघ विज्ञप्तिमार्फत घोर आपत्ति प्रकट गरेको छ ।

'भारतका विभिन्न ठूला शहरमा गएर संघले चलिए पोखरा जस्तो अभियान संचालन गरी भारतीय पर्यटकलाई नेपाल डाक्ने तर यहाँ उनीहरु पर्यटक सवारीमा यात्रा गर्न नपाउने कार्यले सिंगो नेपाली पर्यटन उद्योगको अन्तर्राष्ट्रिय रुपमा बेइज्जत हुने अवस्था सिर्जना भएको छ । अझ मुक्तिनाथ दर्शनका लागि गएका पर्यटकलाई म्याग्दीमै रोकी पर्यटक बसबाट ओरालेको घटना पछि पर्यटकले भारतमा गएर पत्रकार सम्मेलन गर्छु र अन्यलाई पनि नेपाल नजान आग्रह गर्छु भन्ने जस्ता दु:खद परिणनतिले नेपाली पर्यटन क्षेत्रको शिर निहुरिने अवस्था सिर्जना भएको छ । यो कुरा म्याग्दी र मुस्ताङका यातायात व्यवसायीले पनि मनन गर्नुपर्नेमा जोड दिइएको छ ।

प्रहरी र प्रशासनले सिंगो नेपाल भरि पर्यटन सवारीमा नेपाली र विदेशी सबै पर्यटक सहज यात्रा गर्न पाउने वातावरण सिर्जना गर्नका लागि सम्वन्धित निकायसँग वार्ता गरी वातावरणलाई सहज बनाउन पश्चिमाञ्चल होटल संघले जोडदार माग गरेको छ । पर्यटकलाई दु:ख दिने, सिण्डिकेटलाई बढवा दिने र पर्यटन उद्योग तथा अन्तर्राष्ट्रिय रुपमा सिंगो नेपालकै बेइज्जत हुने अवस्था विद्यमान रहेमा पश्चिमाञ्चल होटल संघ सबै पर्यटन व्यवसायी संस्थाहरुसँग मिलेर कडा प्रतिरोध आन्दोलन उत्रने चेतावनी समेत पश्चिमाञ्चल होटल संघ पोखराले दिएको छ ।

विभिन्न दुर्घटनामा नौजनाको मृत्यु, केही घाइते

परासी,११ चैत ।

नवलपरासीको पहाडी राजमार्गअन्तर्गत बुलिङटार दलदले सडकखण्डको अर्खलामा मंगलबार भएको जिप दुर्घटनामा दुई जनाको मृत्यु भएको छ भने आठ जना घाइते भएका छन् । बुलिङटारबाट दलदलेका लागि आउँदै गरेको ना१ज २०७७ नम्बरको जिप अर्खला भिरबाट २०० मिटर तल खस्दा बुलिङटार बस्ने ३६ वर्षीया निमकुमारी सूर्यवंशी र डाडाँझेरी(९ बस्ने ३७ वर्षीय जिप चालक दीपेन्द्र फालको मृत्यु भएको इलाका प्रहरी कार्यालय कावासोतीका प्रहरी निरीक्षक मोहन अधिकारीले जानकारी दिए । दुर्घटनामा आठ जना घाइते भएका छन् भने घाइतेमध्ये किरण रानाभाटको अवस्था चिन्ताजनक रहेको बताइएको छ । घटनास्थल विकट पहाडी गाविस भएकाले घटनाका बारेमा ढिला थाहा भएको बताइएको छ । बुलिङटार प्रहरी चौकी र रुद्रपुर प्रहरी चौकीको टोलीले घाइतेको उद्धार गरी उपचारका लागि कावासोतीतर्फ ल्याउँदै गरेको कावासोती प्रहरीले जनाएको छ ।

यसैबीच चितवनको फिस्लिङमा भएको बस दुर्घटनामा दुईजना बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । जिल्ला प्रहरी कार्यालयले दिएको जानकारीअनुसार सो दुर्घटनामा परी धनकुटाकी कुमारी लिम्बू र उनकी ११ महिने छोरी दीपिका बेपत्ता भएका हुन् । उनीहरूको खोजी जारी रहे पनि आज बिहानसम्म फेला पार्न नसकिएको प्रहरीले जनाएको छ । उनीहरू त्रिशूली नदीमा खसेको हुनसक्ने अनुमान गरिएको छ । आइतबार राति भएको सो दुर्घटनामा पाँचजनाको मृत्यु भएको छ । मृत्यु भएका पाँचमध्ये चारजनाको सनाखत भएको प्रहरीले जनाएको छ । प्रहरीले दिएको जानकारीअनुसार मृत्यु हुनेमा मकवानपुर बसामाडीका सवारी चालक ४० वर्षीय राजु घिसिङ, सङ्खुवासभा खरङ्गाका ५३ वर्षीय दुर्गाबहादुर तामाङ, धनकुटाका ४६ वर्षीया नासुकी लिम्बू र मोरङ इटहरीका गाडी सहचालक गोविन्द खत्री रहेका छन् । एक महिलाको भने अझै सनाखत हुन सकेको छैन । पृथ्वी राजमार्गअन्तर्गत चितवनको दारेचोक-९ फिस्लिङमा काठमाडौं बाट धनकुटाका लागि छुटेको ना४ख ५८२९ नं. को बस दुर्घटनामा परेको हो । दुर्घटनामा अन्य १९ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय चितवनले जनाएको छ । घाइते १० जना उपचारपछि घर फर्किएका छन् भने नौजना अझै भरतपुर मेडिकल कलेजमा उपचाररत छन् ।

यस्तै झापाको लखनपुर-गौरीगञ्ज सडकखण्डमा आज बिहान सडक दुर्घटना हुँदा एक जनाको ज्यान गएको छ । यस घटनामा अन्य तीन जना घाइते भएका छन् । लखनपुर-१ स्थित मङ्गलबारे सडकखण्डमा टयाक्टर दुर्घटना हुँदा दमक-५ का ईन्द्र मगरको घटनास्थलमा ज्यान गएको हो । मृतक मगर टयाक्टरका सहचालक भएको बुझिएको छ ।

दुर्घटनामा परी ताप्लेजुङ घर भएका टयाक्टर चालक जितेन राई, लखनपुर(२ का भुर्जुङ ताजपुरिया र लखनपुर-१ का दिवाकर राई गम्भीर घाइते भएका इलाका प्रहरी कार्यालय दमकले जनाएको छ । टयाक्टर अनियन्त्रित हुँदा टयाक्टरले ठेलालाई ठक्कर दिन पुगेको थियो । यता गौर-चन्द्रनिगाहपुर सडकखण्डमा यात्रुवाहक बसको ठक्करबाट एक बालिकाको ज्यान गएको छ ।

चन्द्रनिगाहपुरबाट गौरतर्फ आउँदै गरेको ना.१.ख ५१२९ नम्बरको यात्रुबाहक बसले सखुअवा धमौरा गाविसस्थित हर्षाहा चोकमा बाटो काट्ने क्रममा सोही गाविस(७ का बाबुलाल महराकी चार वर्षीया छोरी दुलारी कुमारी रामलाई ठक्कर दिँदा बालिकाको घटनास्थल मै ज्यान गएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । बालिकालाई ठक्कर दिने बस र चालकलाई इलाका प्रहरी कार्यालय गरुडाले आवश्यक कारबाहीका लागि प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै धनगढी नगरपालिका-३ स्थित मोहना नदीमा नुहाउन गएका दुई जना बालबालिकाको मंगलबार नदीमा डुबेर मृत्यु भएको छ । मृत्यु हुनेमा टीकापुर नगरपालिका-९ मोतीपुर घर भई हाल धनगढी बस्दै आएका राजकुमार चौधरीका छ वर्षीया छोरा रविन चौधरी र आठ वर्षीया छोरी रविना चौधरी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । मृतकको शव घटनास्थल केही तल फेला पारी परीक्षणका लागि सेती अञ्चल अस्पताल लगिएको प्रहरीले जनाएका छ । यस्तै मुगु जिल्लाको श्रीकोट गाविस-१ श्रीकोटमा आज दिउँसो खोलामा डुबेर चार वर्षे बालिकाको मृत्यु भएको छ । श्रीकोट-१ का मनु बाँनियाकी चार वर्षीया छोरी रेखाको खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जानकारी दिएको छ । खोला किनारमा अन्य बालबालिकासँग खेलिरहेको अवस्थामा खोलामा खसेर उनको मृत्यु भएको । घटनास्थल जिल्ला सदरमुकाम गमगढीदेखि १८ कोष पश्चिम(उत्तरमा पर्छ । यसैगरी ललितपुरको ठेँचु गाविसमा आज साँझ मानसिक सन्तुलन ठीक नभएका एक व्यक्तिले झुण्डिएर आत्महत्या गरेका छन् । मृत्यु हुनेमा ठेचु गाविस-४ ६२ वर्षीय श्याम महर्जन रहेको महानगरीय प्रहरी परिसर चापाउँको प्रहरी नायब उपरीक्षक दुर्गा सिंहले जानकारी दिए । यसैगरी चापागाउँ गाविस-२ का ज्ञानभक्त देसारको कुलो खन्ने क्रममा लडेर मृत्यु भएको छ ।

कांग्रेस संसदीय निर्वाचन तालिका संशोधन

पोखरा,११ चैत ।(गोल्डेन)

राजधानी बाहिर रहेका सभासद्हरुको आग्रहपछि नेपाली काँग्रेसले यही चैत १२ गते गरिने संविधानसभा संसदीय दल कार्यसमितिको निर्वाचन तालिकामा केही संशोधन गरेको छ । संशोधित कार्यतालिका अनुसार उम्मेदवारका लागि दरखास्त दिने समय भोलि चैत १२ गते बिहान ११ बजेसम्मका लागि तोकिएको छ । उम्मेदवारको प्रथम नामावली प्रकाशन सोही दिन बिहान ११:३० बजे र त्यसमाथि दाबी विरोधको समयवधि ११:३० देखि ११:४५ बजेसम्म रहेको छ । त्यस्तै, उम्मेद्वारको अन्तिम नामावली प्रकाशन चैत १२ गते दिउँसो १:४५ बजे र मतदान दिउँसो ३:०० बजेदेखि ५:३० बजेसम्म हुने काँग्रेसका प्रवक्ता एवम् निर्वाचन समितिका संयोजक दिलेन्द्रप्रसाद बडूले बताए ।

तरुणदलका राणा पक्राउ

पोखरा,११ चैत ।(गोल्डेन)

ज्यान मार्ने उद्योग र कुटपिट तथा धनमाल लुटपाटको आरोप लागेका तरुणदल लेखनाथ सभापति जंगे भनिने सुरजजंग राणालाई प्रहरीले मंगलबार पक्राऊ गरेको छ ।

राणासहित ८ जनाको समूहले गत फागुन १२ मा लेखनाथ-८ शिशुवा बस्ने अशोक गुरुङ र देवान गुरुङलाई फलामको रड तरवारसहितले कुटपिट गरी घाइते बनाएको थियो । अशोकको साथबाट आईफोन, सुनको औठी समेतका सामान लुटिएको थियो । घटनापछि फरार राणालाई पोखरा-१४ चाउथेबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ । अन्य ७ भने चैत ५ मा पक्राउ परेका थिए । राणाविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा चलाइने कास्की प्रहरी प्रवक्ता डीएसपी राजेशनाथ बास्तोलाले बताए । अन्य आरोपीलाई अदालतबाट म्याद थप भैसकेकाले राणाको हकमा मिलन म्याद गरिएको प्रहरीले जनायो ।

८१ म्यानपावर कारबाहीमा

गोल्डेन न्यूज संवाददाता
काठमाडौं,११ चैत ।

वैदेशिक रोजगार विभागले मोरङ, सुनसरी, झापा र कास्की जिल्लाका ८१ वटा म्यानपावरलाई कारबाही गरेको छ । ती जिल्लामा रहेका म्यानपावर कम्पनीहरूका शाखा कार्यालय तथा एजेन्ट कार्यालयहरूमा अनुगमनको क्रममा त्रुटि देखिएपछि ४४ वटा म्यानपावरलाई जनही रु एक लाखका दरले गरी रु ४४ लाख जरिवाना गरिएको र ३७ वटा म्यानपावरलाई सचेत पार्ने तथा चेतावनी दिने निर्णय विभागले गरेको विभागका निर्देशक बद्रीकुमार कार्कीले जानकारी दिए । विभागको टोली अनुगमनका क्रममा गत फागुनको दोस्रो र तेस्रो साता म्यानपावर कार्यालयमा जाँदा आवश्यक प्रक्रिया र म्यानपावर सञ्चालनसम्बन्धी न्यूनतम सर्तसमेत पालन नगरेको देखिएकाले कारबाही गरिएको हो ।

Urgently Wanted

Urgently required few Candidate able to communicate in English Smart & Positive attitude.

Manager_1 (Male)
At lest Bachelor passed (well Exp.)
Counselor_2 (Female)
+2 or Bachelor (1-2 yr Experience)
Receptionist_2 (Female)
+2 passed (1-2 yr Experience)
Salary & bonus attractive

61-538270, 229781 Srijanachowk

के तपाईमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने -बाँझोपन) नि:सन्तानको सफल उपचार

जाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान

माता मनकामना आरोग्य केन्द्र तथा
सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक

नयाँबजार, पोखरा -पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि

फोन: ९८४६०४११३१, ९८०४१७२५३१

हार्दिक बधाई

प्रतिक्षा सुनार
मिस सुनार-२०७०

पुष्पा सुनार
फष्ट रनर अप

शिला सुनार
सेकेण्ड रनर अप

नेपालमै पहिलो पटक भिज्यूवल जोन प्रा.लि.ले पोखरामा आयोजना गरेको **मिस सुनार (विश्वकर्मा)-२०७०** मा हाम्री प्यारी छोरीहरू **प्रतिक्षा सुनारले मिस सुनार-२०७० को उपाधि** सहित रु.५० हजार, **पुष्पा सुनारले फष्ट रनरअप**को उपाधि सहित रु.१५ हजार र प्यारी बहिनी **शिला सुनारले सेकेण्ड रनरअप**को उपाधि सहित रु.१० हजार पुरस्कार प्राप्त गर्न सफल भएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँहरु लगायत **मिस सुनार** प्रतियोगितामा विभिन्न उपाधि प्राप्त गरेका एवं सहभागी सम्पूर्णको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

शिव पन्थी/ अम्विका पन्थी

ए.स. आविष्कार सुनचाँदी पसल

चिप्लेढुङ्गा, पोखरा,

नि:शुल्क बिरामी जाँच

यस **पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.**ले एकदिने नि:शुल्क बिरामी जाँच गर्ने कार्यक्रमको आयोजना गरेको हुँदा सम्बन्धित बिरामीहरूले नि:शुल्क जाँच गरी मौकाको फाइदा उठाउनुहोला ।

पोखराकै पुरानो र अनुभवी वरिष्ठ हाडजोर्नी, नशा तथा वाथरोग विशेषज्ञ
प्रा.डा. रघुवंश त्रिपाठी (MBBS, MS-ORTHO, D.Ortho, FRCOST)

❖पुरानो वाथ ❖युरिक एसिड ❖साईटीका ❖ढाड, कम्मर दुख्ने
❖नशा च्यापिएको ❖हातखुट्टा झमझमाउने, पोल्ने, दुख्ने र सुन्निने

डा. अमर गुरूङ (MD, MS General Surgeon)

❖शरीरको कुनैपनि भागमा भएको साना तथा ठूला गिर्खा डल्ला, ट्युमर आदि । ❖पित्तथैलीको पत्थरी ❖मिर्गौलाको पत्थरी ❖ऐपेन्डिक्स ❖पायल्स ❖हेमोराइडस् ❖फिस्टुला ❖हर्निया ❖हाइड्रोशिल आदि

निम्न सेवाहरूमा विशेष छुट

प्लाष्टर, अप्रेशन आदि अन्य सर्जिकल सेवाहरूमा ३०% छुट,
ECG, X-Ray, ECHO, USG,
फिजियोथेरापीमा ३०% छुट,
रगत, दिशा, पिसाब जाँचमा ३०% छुट,
औषधिमा समेत विशेष छुट

मिति : २०७० चैत १५ गते शनिबारका दिन ।
स्थान : **पोखरा हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.**(रङ्गशाला २ नं. गेट अगाडि)
समय : बिहान ८:०० बजेदेखि दिउँसो २ बजेसम्म
फोन : ०६१-५२१९२४, ५२८२४३

फोनबाट समेत नाम दर्ता गराउन सकिनेछ ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा